## दोगडाकेदार गाउँपालिका
बैतडी, सुदूरपश्चिम प्रदेश, नेपाल

# दोगडाकेदार गाउँपालिकाको राजपत्र

**दोगडाकेदार गाउँपालिकाबाट प्रकाशित**

**खण्डः ६  संख्याः ५  सम्बत् २०७९ फागुन १२ गते**

## भाग-२

## दोगडाकेदार गाउँपालिका
## विद्यालय अनुदान व्यवस्थापन कार्यविधि, २०७९

प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ बमोजिम कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरि सर्वसाधारणको जानकारिको लागी प्रकाशन गरिएको छ ।

## दोगडाकेदार गाउँपालिका

# विद्यालय अनुदान व्यवस्थापन कार्यविधि, २०७९

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०७९।११।१०
परमाणिकरण मिति : २०७९।११।११

**प्रस्तावनाः**

यस दोगडाकेदार गाउँपालिका भित्र रहेका शुन्य दरवन्दी भएका वा विद्यार्थी संख्याको आधारमा शिक्षक अनुपातकम रहेका विद्यालयहरुलाई शिक्षक व्यवस्थापन वापत अनुदान प्रदान गरी शिक्षकको अभावलाई प्रतिस्थापन गरी गुणस्तरीय शिक्षामा समतामूलक पहुँच स्थापित गर्ने कार्यलाई आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ बमोजिम कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

**परिच्चछेद १**
**प्रारम्भिक**

**१.**संक्षिप्तनाम र प्रारम्भ : (१) यो कार्यविधिको नामविद्यालयअनुदानव्यवस्थापनकार्यविधि २०७९ रहने छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

२. विषयवाप्रशङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(१)गाउँपालिकाभन्नाले दोगडाकेदार गाउँपालिकाभन्ने सम्झनुपर्छ ।

(२) कार्यपालिकाभन्नाले दोगडाकेदार गाउँपालिकागाउँकार्यपालिकाभन्ने जनाउँछ ।

(३) अनुदानभन्नाले शुन्य दरवन्दी रहेकावाविद्यार्थी संख्याको अनुपातमाशिक्षक संख्यान्यून रहेकाविद्यालयलाई दिइने अनुदानभन्ने सम्झनुपर्छ ।

(४) अध्यक्षभन्नाले दोगडाकेदार गाउँपालिकाकोअध्यक्षभन्ने सम्झनुपर्छ ।

(५)प्रमुखप्रशासकीयअधिकृतभन्नाले दोगडाकेदार गाउँपालिकाकोप्रमुखप्रशासकीयअधिकृत भन्ने सम्झनुपर्छ ।

(६) शाखाप्रमुखभन्नाले शिक्षाशाखाप्रमुखभन्ने सम्झनुपर्छ ।

(७) समितिभन्नाले विद्यालयअनुदानव्यवस्थापनतथासिफारिस समितिभन्ने सम्झनुपर्छ ।

(८) संयोजकभन्नले विद्यालयअनुदानव्यवस्थापनतथासिफारिस समितिको संयोजकभन्ने सम्झनुपर्छ ।

## परिच्छेद २

## अनुदानव्यवस्थापनतथासिफारिस समिति

३. शुन्य दरवन्दिभएकावावाविद्यार्थी संख्याको अनुपातमाशिक्षक संख्यान्यून रहेकाविद्यालयलाई अनुदानप्रदानगर्नेकार्यलाई व्यवस्थित र निर्देशितगर्न तपसिलअनुसारको एक सिफारिस समिति गठन गरिनेछ :

(१)अध्यक्ष संयोजक

(२)समाजिकविकास समितिको संयोजका सदस्य

(३)गाउँशिक्षा समितिका सदस्यहरुमध्ये संयोजकले तोकेको एक जन सदस्यसदस्य

(४)गाउँकार्यपालिकाका सदस्यहरुमध्येबाट संयोजकले मनोनयन गरेको एक जना सदस्य

(५)प्रमुखप्रशासकीयअधिकृत सदस्य

(६)शिक्षाशाखाप्रमुखसदस्य सचिव

४. अनुदानव्यवस्थापन समितिकाकार्यहरुः

(१)अनुदानप्रदानगर्नको लागिग्राह्यविद्यालयको पहिचानगर्ने ।

(२)अनुदानविनियोजनको लागिप्रत्येक वर्ष गाउँ सभालाई सिफारिस गर्ने ।

(३) अनुदानव्यवस्थापनकालागिविद्यालयहरुलाई आवश्यकनिर्देशनदिने ।

(४) अनुदानप्रदानगर्न उपयुक्तविद्यालयहरुलाई वार्षिक एकमुष्ठ अनुदानदिने निर्णय गर्ने ।

**परिच्छेद ३**

## अनुदान रकम सम्बन्धीव्यवस्था

५ .अनुदानदिने प्रयोजनको लागिमनासिव देखिएकाविद्यलयहरुलाई तपसिलको रकमअनुदानको रुपमाप्रदानगरिनेछ :

(१)शुन्य दरवन्दी रहेकावाविद्यार्थी संख्याको आधारमाशिक्षक संख्याकमभएका १ देखि ५ सम्म सञ्चालितविद्यलयहरुलाई एकमुष्ठ रु ३,००,००० (अक्षरुपीतीनलाख) सम्मप्रदानगर्न सकिने छ ।

(२) शुन्य दरवन्दी रहेकावाविद्यार्थी संख्याको आधारमाशिक्षक संख्याकमभएका ६ देखि ८ सम्म सञ्चालितविद्यलयहरुलाई एकमुष्ठ रु ५,००,०००(अक्षरुपीपाँचलाख) सम्मप्रदानगर्नसकिने छ ।

(३) शुन्य दरवन्दी रहेकावाविद्यार्थी संख्याको आधारमाशिक्षक संख्याकमभएका ९ देखि १०सम्म सञ्चालितविद्यलयहरुलाई एकमुष्ठ रु ७,००,०००(अक्षरुपी सातलाख) सम्मप्रदानगर्न सकिने छ ।

**परिच्छेद ४**

## अनुदानप्रदानगर्नेप्रकिया

६. अनुदानप्रदानगर्नेप्रयोजनको लागि देहायबमोजिमको प्रक्रियाको अवलम्बनगरिने छः

(१)अनुदानप्रदानगर्ने प्रयोजनकालागिअनुदानव्यवस्थापन समितिले ग्राह्यविद्यालयहरुको पहिचानगर्ने ।

(२) उक्त समितिले अनुदानदिनको लागिपहिचान गरेकाविद्यालयलाई अनुदानविनियोजन गर्नको लागिकार्यपालिका समक्षसिफारिस गर्ने ।

(३) प्राप्तशिफारिसको आधारमाकार्यपालिकाले मनासिव ठहरेमात्यस्ताविद्यालयहरुको लागिअनुदानविनियोजन गर्नेछ ।

**परिच्छेद ५**

## शिक्षाशाखाको भूमिका

७. अनुदानव्यवस्थापनगर्ने कार्यमाविद्यालयको भूमिकातपसिलअनुसारको रहने छः

(१)विद्यालयको पहिचानको लागिविद्यालयको पहिचानगर्ने प्रयोजनको लागिअनुदानव्यवस्थापन समितिलाई आवश्यक सूचनाउपलव्ध गराउने ।

(२) अनुदाननिकासागर्नको लागिसिफारिस गर्ने ।

## परिच्छेद ६

## विद्यालयको भूमिका

८. अनुदान रकम परिचालनगर्नको लागिविद्यालयको भूमिका देहायबमोजिमको रहने छ :

(१)गाउँपालिकाबाटप्राप्त अनुदानबाट तलबभत्ताखाने गरीतोकिएको योग्यताप्राप्त गरेको व्यक्तिनियुक्तगर्ने ।

(२) चालु आ.व.को असाढ पन्ध्र गते सम्मगा.पा. अनुदानबाट त.भ. पाएकाशिक्षकको तलवीभर्पाई गाउँपालिकासमक्ष पेश गर्ने ।

## परिच्छेद७
## विविध

९. प्राप्त अनुदानबाट त्रैमासिक रुपमा सम्बन्धितशिक्षकलाई विद्यालयले भुक्तानीदिनु पर्ने छ र सो रकममाविद्यालको श्रोत बाट थपपनिगर्न सकिने छ ।

१०. प्राप्तअनुदान सम्बन्धितशिक्षकलाई नदिई वाकमदिई रकमहिनामाना गरेमा सो को जवाफदेहितासम्बन्धितविद्यालयहुनेछ ।

## परिच्छेद ८

## बचाउ र खारेजी

११.यस कार्यविधिमाआवश्यक शंसोधनगर्ने र खारेजीगर्ने अधिकार गाउँकार्यपालिकामानिहित रहने छ ।



दोगडाकेदार गाउँपालिका, बैतडी